**अनुसूची २**

**(दफा ४ तथा अनसूची १ को भाग १ सँग सम्बन्धित)**

**चौरजहारी नगरपालिका**

**स्थानीय राजपत्र**

| | | |
|---|---|---|
| **खण्ड : ९** | **सङ्ख्या : १६** | **मिति : २०८२-११-२७** |

**भाग – २**

**चौरजहारी नगरपालिका**

**प्रकाशन मिति : २०८२-११-३०**

चौरजहारी नगरपालिका

## लक्षित वर्ग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

**प्रस्तावना :**

चौरजहारी नगरपालिका भित्र बसोबास गर्ने आर्थिक, सामाजिक, सांस्कृतिक , लैङ्गिक, जातीय, भौगोलिक, शारीरिक, भाषिक, उमेर समूह, तथा धार्मिक विविधता लगायतका कारणले राज्यको स्रोत र सेवामा प्रयाप्त पहुँच पुग्न नसकेका व्यक्ति, समुदाय, वर्ग तथा समूहो राज्यको स्रोत र सेवामा समानुपातिका पहुँच विस्तार गरी राष्ट्रिय विकासमा मूलप्रवाहीकरण गर्नमा सहयोग गर्ने उद्देश्यले ती समुदायका व्यक्तिहरुको जीवनस्तर उकास्न उनीहरुको क्षेत्रमा सम्मानजनक कार्यक्रम तर्जुमा र विनियोजित कार्यक्रम एवं क्रियाकलापहरुको समन्वयात्मक रुपमा कार्यान्वयन गर्दै लैजानका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी नगर कार्यपालिकाको मिति २०८२/११/२७ गतेको निर्णय अनुसार यो कार्यविधि लागु गरिएको छ।

## परिच्छेद - १: प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "चौरजहारी नगरपालिकाको लक्षित वर्ग कार्यक्रमकार्यान्वयन कार्यविधि, २०८२ रहनेछ।

(ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

**२) परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "नगरपालिका" भन्नाले चौरजहारी नगरपालिकालाई सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले चौरजहारी नगरकार्यपालिका सम्झनुपर्छ।

(ख) "प्रमुख" भन्नाले चौरजहारी नगरपालिकाका प्रमुखलाई सम्झनुपर्छ।

(ग) "उपप्रमुख" भन्नाले चौरजहारी नगरपालिकाका उपप्रमुखलाई सम्झनुपर्छ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत " भन्नाले चौरजहारी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(ङ) "लक्षित वर्ग" भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडा वर्ग एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय सम्झनु पर्छ।

## परिच्छेद - २: उद्देश्य

**३. यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेका छन्।**

(क) नगरपालिकाको स्रोतलाई लक्षित वर्गका प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्ट गराउने,

(ख) लक्षित वर्गका लागि विनियोजन गरिने स्रोत र साधनलाई उद्देश्यमूलक, पारदर्शी, उत्तरदायी र जवाफदेहीपूर्वक खर्च गर्ने पद्धति निर्माण गर्न सघाउ पुऱ्याउने,

चौरजहारी नगरपालिका

(ग) समावेशी विकासको अवधारणा बमोजिम लक्षित समूह र क्षेत्रलाई मूलप्रवाहीकरण र सशक्तीकरण गरी समावेशी विकासलाई संस्थागत गर्ने,

(घ) लक्षित वर्गका लागि वैज्ञानिक पद्धतिवाट कार्यक्रम तथा बजेट तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्न ।

(ङ) लक्षित वर्ग समुदायका लागि कृषि, पशु, व्यवसाय तथा आयआर्जन कार्यक्रमहरू सञ्चालन गर्नु ।

(च) लक्षित वर्ग समुदायको बहुपक्षीय हित प्रवर्द्धन गर्नु ।

**४. कार्यविधिको कार्यक्षेत्र निम्न बमोजिम हुनेछ ।**

नगरपालिकालाई संघ र प्रदेशबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, आन्तरिक आयबाट प्राप्त हुने रकम, विकास साझेदार र अन्य निकायबाट प्राप्त हुने रकमहरुबाट लक्षित वर्गको बजेट तर्जुमा गर्न सकिनेछ । तर, मन्त्रालय, विषयगत निकाय, विकास साझेदार, राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्था आदिसँग विशेष उद्देश्य हासिल गर्नको लागि नगरपालिकासँग भएको सम्झौता बमोजिम लक्षित वर्गको कार्यक्रम वा योजना तथा बजेट कार्यान्वयन गर्न गराउन यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन । त्यस्ता कार्यक्रम वा योजनाको हकमा योजना तर्जुमा, छनौट, सञ्चालन, व्यवस्थापन, अनुगमन, मूल्याङ्कन, प्रतिवेदन, कोष व्यवस्थापन, लेखापरीक्षण, उत्तरदायित्व, पारदर्शिता र वित्तीय सुशासन जोखिम न्यूनीकरण लगायतका सबै व्यवस्थाहरू नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - ३ : कार्यक्रम तर्जुमा

**५. कार्यमक्रम तर्जुमा :** (१) यस कार्यविधि बमोजिम लक्षित वर्ग विकास कार्यक्रमहरुको लागि बजेट बिनियोजन तथा कार्यक्रम तर्जुमा गर्दा प्रचलित कानुको अधिनमा रही नगरसभाबाट देहायबमोजिमको समूहत रुपमा बजेट विनियोजन गरिनेछ ।

- दलित लक्षित कार्यक्रम
- जनजाति लक्षित कार्यक्रम
- सबै जातजातिका विपन्न वर्गका महिला लक्षित कार्यक्रम

- सबै जातजातिका विपन्न वर्गका बालबालिकाहरू लक्षित कार्यक्रम
- सबै जातजातिका विपन्न वर्गका युवा लक्षित कार्यक्रम
- सबै जातजातिका विपन्न वर्गका जेष्ठ नागरिक लक्षित कार्यक्रम
- सबै जातजातिका विपन्न वर्गका अपाङ्गता भएका व्यक्तिहरू लक्षित कार्यक्रम
- सबै जातजातिका विपन्न वर्गका एकल तथा विधवा महिला लक्षित कार्यक्रम

(२) उपदफा (१) बमोजिमका विभिन्न समूहगत रुपमा बजेट विनियोजन गर्दा नगर कार्यपालिकाले निर्णय बमोजिम निश्चित प्रतिशत रकम वा एकमुष्ठ तोक्न सक्नेछ।

(३) उपरोक्त बमोजिमको रकम बन्चितिकरण र पछाडि परेका सबै समुदाय एवम् वर्गले फाइदा पाउने गरी न्यायोचित तवरबाट बाँडफाँड गरिनेछ।

(४) नगरपालिकाले वार्षिक वा क्रमागत रुपमा कार्यान्वयन गर्नका लागि लक्षित वर्गका कार्यक्रमहरू तर्जुमा गर्नेछ।

(५) नगरपालिकाको वार्षिक योजना तर्जुमाका चरणमै लक्षित वर्ग कार्यक्रम पनि तर्जुमा गरिनेछ।

(६) नगरसभाले कार्यक्रम तर्जुमा सम्बन्धी अख्तियारी नगर कार्यपालिकालाई दिएको खण्डमा नगर कार्यपालिकाको बैठकबाट समेत कार्यक्रम पारित गरी लागु गर्न सकिनेछ।

(७) अन्य निकायबाट हस्तान्तरण भई आएका वा समपूरक कोषबाट सञ्चालन हुने लक्षित वर्गका कार्यक्रम समेत नगर कार्यपालिकाको बैठकबाट निर्णय गरी सञ्चालन गर्न सकिनेछ।

(८) लक्षित वर्गका कार्यक्रमहरु तर्जुमा गर्दा नगरपालिकाले समग्र योजना तर्जुमा गर्दा लिने आधारहरुका अतिरिक्त निम्न बमोजिमका आधारहरु लिनु पर्नेछ :

क. पूर्वाधार योजनाका सम्वन्धमा लक्षित वर्गलाई हित हुने दिर्घकालिन लाभजन्य योजना तर्जुमा तथा कार्यान्वयन गर्ने,
ख. योजना कार्यान्वयन हुने क्षेत्रको मौलिकता र संस्कृतिको प्रवर्धन गर्ने खालका कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने,
ग. लक्षित वर्गको क्षमता वा सिप विकास र रोजगारीमूलक कार्यक्रम तर्जुमा तथा कार्यान्वयन,
घ. स्थानिय उत्पादनको सदुपयोग र प्रवर्द्धन गर्ने खालका योजना तथा कार्यक्रम तर्जुमा,
ङ. स्थानीय आवश्यकतामा आधारित वस्तु तथा सेवाको उत्पादन गर्ने,

गौरादह नगरपालिका

च. एकल वा सभागितामूलक रुपमा संचालन गर्न सकिने योजना तथा कार्यक्रमहरू

छ. व्यवसाय सञ्चालनको लागि वस्तुभाउ, सामाग्री, यन्त्र, उपकरण सहयोग कार्यक्रम,

ज. कृषि आधुनिकीकरण मेसिन तथा औजारहरू आदि।

(९) सशर्त अनुदान अन्तर्गत संचालन हुने लक्षित वर्गका कार्यक्रमहरु अख्तियारीमा उल्लेखित मार्गदर्शन तथा शर्तहरू बमोजिम नै संचालन हुनेछन्। तर, योजना तर्जुमाका चरणमै यस्ता कार्यक्रमहरु छनौट गर्न यस कार्यविधिले बाधा पुर्याउने छैन।

## परिच्छेद – ४ कार्यक्रमको क्षेत्र

### ६. लक्षित वर्ग तर्फ छनौट गर्न सकिने कार्यक्रमहरूको विवरण :

यस विवरणभन्दा बाहेकका योजना तथा कार्यक्रम छनौट गर्न नपाइने भन्ने बाध्यात्मक अवस्था होइन, तर छनौट भएको योजना तथा कार्यक्रम लक्षित वर्गका लागि हो भन्ने पुष्ट्याई दिन सक्ने खालको हुनु पर्नेछ।

(क) पूर्वाधार क्षेत्र :

- पूर्वाधार विकास : लक्षित वर्गहरू संग सम्बन्धित विभिन्न भवनहरू निर्माण हिंसा पिडित महिला , बाल उद्यान, आकस्मिक बाल संरक्षण स्थल, अपाङ्गता पुनर्स्थापना केन्द्र / जेष्ठ नागरिक दिवा आश्रम केन्द्र निर्माण, मर्मत सुधार तथा संरक्षण,
- खानेपानी तथा सरसफाई : इनार निर्माण तथा मर्मत, धारा निर्माण तथा मर्मत सुधार, ट्याङ्की निर्माण, पोखरी निर्माण, खानेपानी स्रोत संरक्षण, आदी,
- अन्य पूर्वाधार : वैकल्पिक उर्जा, सुधारिएको चुलो, सौर्यउर्जा, गोबर ग्यास, खाद्य प्रशोधन आदि योजनाहरू, सांस्कृतिक / पुरातात्विक महत्वका ऐतिहासिक पूर्वाधार संरक्षण तथा मर्मत तथा सुधार आदि।

ख) प्रवर्द्धनात्मक क्षेत्र ( सीप तथा क्षमता विकास, आर्थिक विकास, सामाजिक विकास र अन्य कार्यक्रमहरू)

- प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू,
- वैदेशिक रोजगारीको लागि आवश्यक पर्ने जानकारीमूलक शिक्षा र सीप विकास,

- लक्षित वर्गहरूसंग सम्बन्धित (जस्तै महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, एकल महिला, दलित, जनजाति आदि) कानुनी, नीतिगत प्रावधानहरू बारेमा जानकारी सम्बन्धी कार्यक्रम,
- लक्षित वर्गहरूको नेतृत्व विकास, सशक्तिकरण (सामाजिक, आर्थिक, राजनैतिक ) कार्यक्रम र अधिकारमा आधारित विकासको अवधारणा सम्बन्धि कार्यक्रमहरू,
- किशोरीहरूको लागि जीवन उपयोगी सीप,
- लैङ्गिकतामा आधारित हिंसा र विभेदयुक्त प्रचलन र महिला विरुद्ध हुने सबै प्रकारका हिंसा उन्मुलन सम्बन्धी कार्यक्रम,
- बाल विवाह, बाल हिंसा, दुर्व्यवहार, लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक कुरीति, कुसंस्कार आदि न्युनीकरण सम्बन्धी कार्यक्रम,
- कृषिमा आधारित कृषि,पशुपालन, खाद्य तथा फलफूल प्रशोधन, लघु उद्योगहरूको सञ्चालन तथा व्यवस्थापन,
- जैविक कृषि व्यवसाय, कम्पोष्ट मल, गोठ सुधार, व्यवसायिक तरकारी एंव फलफूल खेती विकास,माटो सुधार, विउ विजन, उन्नत प्रविधिको विस्तार, लक्षित वर्गहरूको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुर्याउने खालका तालिम तथा सीपहरू र अन्य कृषि, पशुविकास, मत्यविकास सम्बन्धि वस्तुगत सेवाहरू,
- व्यवसाय सञ्चालनको लागि वस्तुभाउ, सामाग्री, यन्त्र, उपकरण, कृषि आधुनिनीकरण औजारहरू सहयोग,
- बिउ पूजीको रुपमा चालु कोष, घुम्ती कोष सञ्चालन गर्न सकिने,
- गैर कृषिमा आधारित घरेलु तथा लघु उद्यम उद्योगहरुको सञ्चालन तथा व्यवस्थापन परम्परागत सीपलाई परिमार्जन गर्दै बजारमैत्री रुपमा आधुनिकीकरण गर्ने,
- लक्षित वर्गहरूको लागि क्षमता विकास कार्यक्रम (समूह निर्माण, लघुउद्यम विकास योजना तर्जुमा सम्बन्धी कार्यक्रमहरु जस्तै: करेसाबारी, फलफूल प्रशोधन, कम्पोस्टिङ्ग, सिलाईकटाई, कम्प्युटर, रेडियो, होटल तथा मोबाईल, ब्युटिपार्लर, बुटिक ) आदि,
- सञ्चालन हुने कार्यक्रमहरु लै.स.सा. स. मैत्री दृष्टिकोणले उपयुक्त,

गौरादह नगरपालिका

- नगरपालिकाको योजना तर्जुमा कार्यक्रममा लक्षितवर्गहरूको सहभागिता वृद्धि र लक्षितवर्गहरूको विकासको लागि बजेट विनियोजन कार्यक्रममा जोड दिने कार्यक्रम,
- नगरपालिका, वडा तथा विद्यालयस्तरीय वालक्लव संजालहरूको स्थापना, संस्थागत विकास र बालभेलाका लागि आवश्यक सहयोग,
- किशोरी किशोरहरूमा मानसिक र शारिरीक स्वास्थ्यमा आउने परिवर्तन सम्बन्धी ज्ञान र चेतना अभिवृद्धि, बालक्लवका पदाधिकारीहरूलाई लागि सरसफाई सम्बन्धि तालिम, किशोरी र किशोरीहरूको नेतृत्व विकास गर्ने खालका कार्यक्रम, बाल विवाह विरूद्ध अभियान कार्यक्रम, बालश्रम विरुद्धको कार्यक्रम,
- नगरपालिकामा बालवालिकाहरूको विकासको योजना तर्जुमा, समिक्षा गर्न समन्वय समिति बैठकमा सहयोग, बालबालिकाहरूको अवस्था विश्लेषण गर्न सर्भेक्षण, बालबालिकाहरूको प्रोफाईल तयारी आदि,
- पछाडि परेका तथा पारिएका विपन्न वर्गहरूको पार्श्वचित्र तयारी तथा विपन्न वर्गको नक्साइन तयारी,

## परिच्छेद - ४ : कार्यक्रम कार्यान्वयन

**७. कार्यक्रम कार्यान्वयन :** यस कार्यविधि बमोजिम कार्यान्वयन गरिने लक्षित वर्ग अन्तर्गतका कार्यक्रमहरूको कार्यान्वयन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनको अधिनमा रही देहाय बमोजिम गरिने छ।

(क) लक्षित वर्ग कार्यक्रम वा योजना कार्यान्वयन गर्दा चौरजहारी नगरपालिकाको आर्थिक ऐन, विनियोजन ऐन, तथा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली, २०६४ र खर्च गर्ने अख्तियारीमा उल्लिखित मार्गदर्शन तथा शर्तहरू समेतको पालना गरी खर्च गर्नुपर्नेछ।

(ख) योजनागत रुपमा नगर सभाले पारित गरेका लक्षित वर्ग सम्बन्धी योजना तथा कार्यक्रमहरू वार्षिक कार्य योजना अनुसार कार्यान्वयन हुनेछन्। तर, योजनागत रुपमा नछुट्याइ कार्यक्रमगत बजेट अन्तर्गत विनियोजित रकमको बाँडफाँड परिच्छेद ६ मा व्यवस्था भए बमोजिम हुनेछ।

चौरजहारी नगरपालिका

(ग) प्रवर्द्धनात्मक कार्यक्रम कार्यान्वयनको लागि **अनुसूची १** बमोजिम १५ दिनको सूचना आव्हान गरी प्रस्ताव माग गर्नुपर्नेछ ।

(घ) लक्षित वर्गका लागि छुट्याइएको बजेटबाट योजना तथा कार्यक्रम संचालन गर्दा लक्षित वर्गको कुनै संघ सँगठन वा संस्था मार्फत सीधै अनुदान उपलब्ध गराउन पाइने छैन । कार्यक्रम संचालन गर्दा कार्यविधिमा उल्लिखित योजना कार्यान्वयन प्रचलित कानून र कार्यविधिले तोकेका प्रावधानहरू पालना गर्नुपर्नेछ ।

(ङ) कार्यक्रम वा योजना सञ्चालन गर्दा सम्बन्धित शाखालाई संलग्न गराइनेछ साथै सामुदायिक संस्था तथा गैर सरकारी संस्थाहरूको समेत सहयोग लिन सकिनेछ ।

(ङ) पूर्वाधार निर्माण तथा मर्मत सम्बन्धी योजनाहरु कार्यान्वयन गर्दा उपभोक्ता समिति मार्फत सञ्चालन, रेखदेख र मर्मत सम्भार गर्ने कार्यका लागि प्रोत्साहन गरिनेछ । साथै सामुदायिक संस्था र गैरसरकारी संस्थाबाट लागत सहभागिता हुने कार्यक्रमलाई समेत प्रोत्साहन गरिनेछ ।

(च) योजना तथा कार्यक्रम सञ्चालन गर्दा सकभर पेश्की दिने कार्यलाई निरुत्साहित गरी कामको आधारमा भुक्तानी दिने प्रणाली अवलम्बन गर्दै पेश्की शुन्य अभियानको शुरूआत गरिनेछ ।

(छ) कार्यक्रम वा योजना कार्यान्वयन गर्ने निकायले सम्झौता अनुसार निर्धारित समयमा कार्यक्रम वा योजना सम्पन्न गर्नु पर्नेछ । जानीजानी वा लापरबाहीको कारणबाट तोकिएको समयमा कार्य सम्पन्न नगर्ने लक्षित वर्गहरूको समूह, समिति, संस्था, निकाय वा व्यक्ति आदिसँग नगरपालिकाले सम्झौता भंग गरी हर्जाना समेत लिई वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

(ज) लक्षित वर्गहरूले सञ्चालन गर्दै आएका पेशा, व्यवसायहरूमा आधुनिकीकरणका लागि थप सीप तथा दक्षता अभिवृद्धिका कार्यक्रमहरू गर्ने ।

(झ) लक्षित वर्ग कार्यक्रममा छुट्याएको रकम सेवा सहयोग वा अन्य जेसुकै नाममा सिधै रकम वितरण गर्न पाईने छैन ।

(ञ) लक्षित वर्गहरूको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका कृषि, पशु, उद्योग र गैरकृषि क्षेत्र)का कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ ।

(ट) लक्षित वर्ग कार्यक्रम कार्यान्वयनको लागि **अनुसूची २** बमोजिमको ढाँचामा प्रस्ताव पेस गर्न सकिनेछ ।

(ठ) लक्षित वर्गहरूलाई रोजगारमा आवद्ध हुनका वस्तु भाउ, सामाग्री, उपकरण, कृषि आधुनिकीकरण औजार खरिद तथा उद्योग स्थापनाका लागि सम्झौताका आधारमा लागतको बढीमा ........प्रतिशत रकम अनुदान सहायताको रुपमा उपलब्ध गराउन सकिनेछ ।

(ड) प्रस्तावित आवेदनहरूलाई **अनुसूची ३** बमोजिमको प्रस्ताव मूल्याङ्कन ढाँचाको आधारमा कार्यपालिकाको निर्णय बमोजिम छनौट गर्न सकिने छ ।

## परिच्छेद - ५

### ८ लक्षित वर्ग कार्यक्रम कार्यान्वयन सञ्चालन तथा व्यवस्थापन समिति

(१) लक्षित वर्गका कार्यक्रमहरु सञ्चालन तथा कार्यान्वयनमा सहयोग र समन्वय गर्नको लागी देहाय बमोजिमको नगरस्तरीय समन्वय समिति गठन गरिनेछ

| | |
|---|---|
| उपप्रमुख | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| सामाजिक विकास समितिको संयोजक | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| महिला बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

उपरोक्त समितिले आवश्यक ठानेमा अन्य विषय विज्ञलाई पनि सदस्यका रुपमा आमन्त्रण गर्न सक्नेछ

(२) सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ :-

(क) वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा यस कार्यविधि बमोजिम लक्षित वर्गका कार्यक्रम तर्जुमा गर्ने कार्यमा सहयोग पुर्याउने,

(ख) नगर सभाबाट लक्षित वर्ग तर्फ कार्यक्रमगत रुपमा विनियोजित बजेट बाँडफाँड गर्ने मापदण्ड तय गर्ने ।

(ग) लक्षित वर्ग तर्फ कार्यक्रमगत रुपमा विनियोजित बजेट योजनागत रुपमा बाँडफाँड गरी योजना तथा कार्यक्रम स्वीकृत गर्ने । समितिले योजना तथा कार्यक्रम स्वीकृत गर्दा लक्षित वर्ग कार्यक्रम सञ्चालन समिति (कार्य दल) ले पेस गरेको विवरणबाट समेत छनौट गर्न कुनै बाधा पुग्ने छैन ।

(ग) लक्षित वर्गको खण्डिकृत तथ्याङ्क संकलन तथा अद्यावधिक गरी व्यवस्थित गर्न लगाउने,

(घ) नगर सभाबाट पारित लक्षित वर्ग सम्बन्धी बजेट तथा कार्यक्रम कार्यान्वयनमा सहयोग र समन्वय गर्ने,

(ङ) लक्षित वर्ग अन्तर्गत कार्यक्रमको लागि एकमुष्ठ बजेट विनियोजन भएको अवस्थामा सो को कार्यान्वयनको लागि कार्यक्रम तर्जुमा तथा स्वीकृतिको लागि नगर कार्यपालिका समक्ष पेस गर्ने।

**परिच्छेद - ६**

**९ थप घट, खारेजी तथा बचाउ**

(१) यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसमा नगर कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ।

(२) यस कार्यविधिको कुनै प्रावधान यस नगरपालिकाबाट जारी गरिएका ऐनहरु, स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन दिग्दर्शन २०७४, स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली २०६४ तथा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

चौरजहारी नगरपालिका

**अनुसूची – १**

**दफा ७ को (ग) संग सम्बन्धित**

**<u>लक्षित वर्ग कार्यक्रम कार्यान्वयनको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना !</u>**

(प्रकाशन मिति:..........................)

चौरजहारी नगरपालिकाको आर्थिक वर्ष.......को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार ............ अन्तर्गतको ................कार्यक्रम कार्यान्वयनका लागि **लक्षित वर्ग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२** बमोजिम यस नगरपालिका क्षेत्र भित्रका ............हरूले .............कार्यक्रम सञ्चालन गर्न इच्छुक समुह, समिति, फर्म, सहकारी संस्थाले कार्यविधिको अनुसूची -२ बमोजिमको ढाँचामा तपसिल बमोजिमका कागजातहरूसहित सूचना प्रकाशन भएको मितिले १५ दिन ...............गते कार्यालय समयभित्र चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालमा पेस गर्न सकिने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**<u>तपसिल</u>**

- अनुसूची २ बमोजिमको प्रस्ताव
- नागरिकताको प्रतिलिपि
- समूह / संस्था / सहकारी दर्ता नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि
- स्थायी लेखा नम्बर
- करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
- प्रस्ताव माग सम्बन्धी निर्णयको प्रतिलिपि
- वडाको सिफारिस

चौरजहारी नगरपालिका

## अनुसूची – २

### दफा ७ को (ट) संग सम्बन्धित

### प्रस्तावको ढाँचा

**प्रस्तावदाताको विवरण**

क.  व्यक्ति / समूहको नाम :

ख.  जिल्ला :

ग.  नगरपालिका :

घ.  गाँउ / टोल :

ङ.  सम्पर्क व्यक्ति :

च.  सम्पर्क नम्बर :

१.  **समूह / संस्थामा आवद्ध सदस्यहरूको सहभागिताको अवस्था :**

| वर्गीकरण | लक्षित वर्गहरूको सहभागिता | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा सदस्य | | सञ्चालक समिति सदस्य | | कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने | |
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| समूह/ संस्थामा आवद्ध संङ्ख्या | | | | | | |
| अपाङ्गता भएका व्यक्तिहरूको संख्या | | | | | | |
| दलित समुदायका व्यक्तिहरूको संङ्ख्या | | | | | | |
| पिछडिएका, अल्पसङ्ख्यक जनजातिको संख्या | | | | | | |
| एकल महिला | | | | | | |
| जम्मा | | | | | | |

२.  प्रस्तावित कार्यक्रमको विवरण

३.  कार्यक्रमको नाम  :

४.  कार्यक्रम सञ्चालन स्थान :

५.  कार्यक्रम क्षेत्र : कृषि, पशुपालन तथा उत्पादनमूलक, पर्यटन तथा आतिथ्यता, गैह कृषि

६.  सम्बन्धित कामको अनुभव /अवधि/ समय :

७.  अनुमानित कुल लागत :

१०.लाभग्राहीले व्यहोर्न सक्ने लागत :

११.आवश्यक पर्ने सामाग्री :

१३. व्यवसायबाट हुने अनुमानित आम्दानी (वार्षिक) :

निवेदक

नाम थर :

पद

दस्तखत :

## अनुसूची -३

## दफा ७ को (ड) संग सम्बन्धित

## प्रस्ताव मूल्याङ्कन ढाँचा

| क्र.सं. | नाम, थर | ठेगाना | लक्षित वर्गको सहभागिता (१५ अङ्क) | | प्रस्तावित कार्यक्रम क्षेत्रको अनुभव (१५ अङ्क) | | कार्यक्रमको प्राविधिक उपयुक्तता (१५ अङ्क) | | कुनै अनुदान पाए / नपाएको (१० अङ्क) | | रोजगारीको अवसर (१० अङ्क) | | परिवारको कुनै सदस्य प्रत्यक्ष रोजगारीमा संलग्न भए/नभएको (१५ अङ्क) | | लाभग्राहीले व्यहोर्न सक्ने / नसक्ने (१० अङ्क | | स्थानीय स्रोत साधन प्रयोग भए / नभएको (१० अङ्क) | | कुल जम्मा (१०० अङ्क) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ५० प्रतिशत भन्दा माथि भएमा (१५ अङ्क) | ५० प्रतिशत भन्दा कम सहभागिता भएमा (७ अङ्क) | ५ वर्ष मुनि (७) | ५ वर्ष माथि (१५) | छ १० अङ्क | छैन ० | पाएको ५ | नपाएको १० | आंशिक ७ | पूर्ण १५ | भएको ७ | नभएको १५ | सक्ने १० | नसक्ने ५ | प्रयोग भए १० | प्रयोग नभएमा ६ | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |

घोराही नगरपालिका

आज्ञाले,
शेरप्रसाद ढकाल
नि.प्रमुख प्रशासकीय अधिकृत